# परिच्छेद : एक

# परिचय

## १.१. पृष्ठभूमि

सामान्य अर्थमा भन्नु पर्दा शिक्षाको उत्पत्तिसंगै पाठ्यक्रमको उत्पत्ति भएको हो र शिक्षाको विकासंग संगै पाठ्यक्रमको पनि विकास हुँदै गएको हो । मानव विकासको इतिहासको विश्लेषण अनुसार मानव उत्पतिको चरणबाट नै शिक्षाको विकास भएको हो । प्राचीन, पूर्वप्राचीनकालमा घर, परिवार वा समाजमा बुजग वा अभिभावकले आफूले जानेका ज्ञान र सीपहरु आफ्ना सन्तती वा कनिष्ठहरुमा स्थानान्तरण गर्ने गर्थे । विविध समयका सँस्कृति, मुल्य र मान्यताका आधारमा शिक्षालाई एक पिंढीबाट अर्को पिंढीमा सुरक्षित साथ सार्दै लगियो । यस प्रकार ज्ञान, सीप, मुल्य, मान्यता र संस्कृतिलाई सार्ने वा हस्तानान्तरण गर्ने माध्यम पाठ्यक्रम हो ।

शिक्षाको विकास र पाठ्यक्रमको आवश्यकताको महसुस पनि हुँदै गयो । घर परिवार, समाज आदिको संख्यामा बृद्धि भयो । मानिसहरुको इच्छा, चाहना र आवश्यकताहरु बढ्दै गए । मानिसहरु आफ्ना दैनिक जीवन यापनका समस्या समाधानमा नै व्यस्त रहन थाले । परिवारले सामाजिक माग अनुसारका आवश्यकताहरु पूरा गर्न नसक्ने भयो । अब मानिसलेविकल्पको खोजी थाल्यो र औपचारिक रुपमा संघ-संस्थाको निर्माण गरी शिक्षालाई पनि औपचारिक रुपमा संघ-संस्थालाई सुम्पियो । यस्ता संघ-संस्थाहरु विशेषत धार्मिक रुपका रहे र धर्मगुरुहरु शिक्षा दिने आधिकारीक व्यक्ति बने । ती धार्मिक ग्रन्थहरु ज्ञानका आधारहरु मानिएका भने हुन् । यस प्रकार धार्मिक संघ-संस्थाहरुको सु-सञ्चालनका आवश्यक नीति निर्माण र संस्कारहरुको विकास पाठ्यक्रम निर्माण र विकासको एक विकासशील चरण मान्न सकिन्छ, (शर्मा एण्ड शर्मा २०६३) ।

प्राचीन तथा पूर्व प्राचीनकालका विभिन्न काल खण्डहरुमा, विभिन्न स्थानहरुमा तत्कालिन मानिसका इच्छा चाहना र आवश्यकता अनुसार अनौपचारिक रुपमा स्थानीय स्रोत तथा साधनमा आधारिक भएर स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुँदै आएको थियो भनी अनुमान गर्न सकिन्छ ।

राष्ट्रिय शिक्षा पद्दतिको योजना लागू हुन अघि शैक्षिक विषयहरु निर्धारण गरी पठन पाठन गरिएता पनि केवल पाठ्यविषयहरुको सूचीमात्र निर्माण गरिएको थियो । पाठ्यक्रमको ढाँचा निर्माण भई कार्यान्वयन गरिएको देखिदैन राष्ट्रिय शिक्षा पद्दतीयोजना २०२८ ले पाठ्यक्रमलाई परिभाषित गरी विद्यालयको पाठ्यक्रमको ढाँचा निर्माण गरेर चरणबद्ध रुपमा पाठ्यक्रम निर्माण कार्यान्वयन गरेको पाइन्छ । विद्यालय तहको पाठयक्रम निर्माण गर्न सोही

सालमा शिक्षा मन्त्रालयको मातहतमा रहने गरी पाठ्यक्रम विकास केन्द्रको स्थापना गरी पाठ्यक्रम निर्माण गर्ने नेतृत्व, यस संस्थाले गर्दै गरेको छ, (कट्टेल २०६४) ।

वि.सं. २०२८ सालमा स्थापना भएको पाठ्यक्रम विकास केन्द्रले, विद्यालय तहको पाठ्यक्रमको निर्माण तथा परिमार्जन गर्दै आएता पनि, यस किसिमको केन्द्रकृत पाठ्यक्रमले विभिन्न स्थानका स्थानीय आवश्यकता, इच्छा चाहना र संस्कृतिको प्रतिनिधित्व गर्न नसकेको अनुभव गर्न सकिन्छ । मानवअधिकार, बालअधिकार, शिक्षाको अधिकार तथा सबैका लागि शिक्षा जस्ता अन्तराष्ट्रिय घोषणा, नारा एवम् प्रतिवद्धताहरुले गर्दाशिक्षाप्रति बढ्दो जन आकाँक्षा तथा चाहनालाई दृष्टिगत गरी शैक्षिक अवसरको सृजना तथा परिपूर्ति राज्यस्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रीत शैक्षिक योजना तथा व्यवस्थापनको टड्कारो आवश्यकता विश्व भरी नै देखिएको छ, (काफ्ले, तथा आदि २०६०) ।

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पछि जाहेर गरिएको नेपाल अधिराज्यको संविधान २०४७, बालबालिका सम्बन्धि ऐन २०४८, समाज कल्याण ऐन २०४९, शिक्षा ऐन तथा नियमावली २०४९, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०५१, स्थानीय स्वायत्त शासन ऐन २०५५, नेपालमा विशेष शिक्षा २०५९ र नेपालको आन्तरिक संविधान २०६३ जस्ता कानूनि प्रावधान तथा व्यवस्थापनले शिक्षाको समान अवसर घरघर र व्यक्तिव्यक्तिमा पुऱ्याउनु पर्ने भएता पनि राज्य तर्फबाट मात्र यो सम्भव नहुने देखिएकाले शैक्षिक विकेन्द्रीकरणको अवधारणा अगाडि सारिएको छ, (काफ्ले तथा आदि २०६५) ।

वर्तमान युग प्रजातन्त्रको युग हो । आजकल शिक्षलाई नैसर्गिक अधिकारका रुपमा लिइन्छ । मानव अधिकार वालअधिकार, शिक्षाको अधिकार एवम् प्रतिवद्धताले गर्दा शिक्षा प्रति बढ्दो आकाँक्षा एवम् चाहनालाई ध्यानमा राख्दा यस्ता कार्यहरु केन्द्रीय स्तरबाट मात्र सम्भव हुँदैनन् । सबैलाई समान रुपमा शैक्षिक अवसरको सिर्जना र परिपूर्ति गर्ने कार्य राज्यस्तरबाट मात्र सम्भव नहुने हुदाँशिक्षालाई घरघर व्यक्ति-व्यक्ति समक्ष पुऱ्याउन विकेन्द्रित शैक्षिक योजना तथा व्यवस्थापनको टड्कारो आवश्यकता महसुस भयो । त्यसैले आज आएर शैक्षिक विकेन्द्रीकरण अपरिहार्य र अनिवार्य बन्न गएको छ ।

शैक्षिक विकेन्द्रिकरण भनेको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय निकाय वा समुदायसम्म पुऱ्याउने कार्य हो हो । केन्द्रीयस्तरबाट स्थानीय शैक्षिक आवश्यकता परिपूर्ति र समस्या समाधान गर्न कठिन हुने हुनाले स्थानीय निकाय एवम् समुदायलाई शैक्षिक विकासका कार्यक्रममा सहभागी बनाई जिम्मेवार बनाउने काम शैक्षिक विकेन्द्रीकरण हो । स्थानीय स्तरमा शैक्षिक कार्यक्रमहरुलाई सवल र सुदृढ बनाउन स्थानीय निकायको सक्षमता अभिवृद्धि गर्दै स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्न आवश्यक कानूनी एवम्प्रशासनिक अधिकारबाट सम्पन्न गर्ने काम शैक्षिक विकेन्द्रीकरण हो ।

स्थानीय स्तरको शिक्षको लागि आवश्यक पर्ने साधन र स्रोतको खोजी गर्ने, एवम् शैक्षिक विकासमा सम्बन्धित सरोकारवालाहरुको सहभागिता र जवाफदेहिता अभिवृद्धि गर्ने, अनुगमन र सुपरीवेक्षण गर्ने जस्ता कार्यले विकेन्द्रीकरणको प्रतिनिधित्व गर्दछन् । विकेन्द्रीत शैक्षिक व्यवस्थापनमा शैक्षिक योजना निर्माण स्रोत र साधानको पहिचान गर्ने कार्य स्थानीय समुदाय र संघ संस्थालाईहस्तान्तरण गरिएको हुन्छ । यसरी स्थानीय निकाय एवम् सरोकारवालाहरुलाई शैक्षिक विकासका हरेक क्रियाकलापमा प्रत्यक्ष रुपमा सहभागी गराउने परिपाटीलाई शैक्षिक विकेन्द्रीकरणको रुपमा लिन सकिन्छ ।

हाम्रो मुलुक साने भएता पनि, यसको बस्तु स्थिति विविधतापूर्ण छ । भौगोलिक, साँस्कृतिक, भाषिक, जातिय आदि कुराहरुमा विधिधता छ । विभिन्न ठाउँमा विभिन्न स्रोतहरु छन् । विभिन्न ठाउँका मानिसहरुको आवश्यकतार चाहना फरक फरक छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागू गर्न नसकिने हुन्छ । त्यसैले प्राथमिक तहको पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागीतामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयबस्तुहरु समोवेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

प्राथमिक शिक्षा पाठ्यक्रममा राखिएका विषयहरु मध्ये सामाजिक अध्ययन, सिर्जनात्मक तथा शारीरिक क्रियाकलाप विषयको ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले निर्माण गर्ने व्यवस्था छ । त्यसैगरी मातृभाषा र स्थानीय विषयको पूरै पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने भन्ने व्यवस्था गरिएको छ । कुनैपनि विद्यालयले स्थानीय परिवेश अुनसार १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषयको रुपमा अन्य कुनै स्थानीय वातावरण अनुकुलको

विषय छनौट गरी पाठ्कम निर्माण गरी पठन पाठन गर्नुपर्ने प्रावधान प्राथमिक तहको पाठ्यक्रम २०४९ मा राखिएको थियो भने परिमार्जित पाठ्यक्रम २०६२ ले त्यसलाई निरन्तरता दिने प्रयास गरेको छ, (पाठ्यक्रम विकास केन्द्र २०६४) ।

## १.२ समस्याको कथन

नेपाल सानो देश भएतापनि भौगोलिक, जातीय, भाषिक र साँस्कृतिक रुपमा विविधतायुक्त मुलुक हो । विभिन्न ठाउँहरुमा विभिन्न आवश्यकता र स्रोत तथा साधनहरु रहेका छन् । पाठ्यक्रम सिकाईको विस्तृत योजना भएकोले सबै स्थानका आवश्यकता चाहना, स्रोत तथा साधनहरुलाई संवोधन गर्न सक्नुपर्दछ तर राष्ट्र स्तरमा निर्माण गरिएको पाठ्यक्रमले सबै ठाउँका आवश्यकता र आकांक्षाको प्रतिनिधित्व गर्न नसकेको महसुस गरी स्थानीय आवश्यकता र स्रोत साधनमा आधारित भएर स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा आएको हो । लोकतान्त्रिक शासन प्रणालीको मर्म अनुरुप अबलम्बन गरिएको शैक्षिक विकेन्द्रीकरण योजनाको रुपमा आएको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था के छ भनी खोज गर्नु जरुरी भएको छ । विगत एक दशक भन्दा लामो समयदेखिको आन्तरिक द्वन्द्वको कारणले कतै स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावित भएको त छैन ? यदि छैन भने यसको वर्तमान अवस्था के छ यसको बारेको लेखाजोखा गर्नुपर्ने बेला आएको छ । स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा रहेको वर्तमान परिवेशमा विद्यार्थीको सिकाई उपलब्धी बढेको छ कि छैन । मातृ तथा स्थानीय भाषामा शिक्षा दिन र पाठ्यपुस्तक निर्माण गर्नको लागि यो पाठ्यक्रमले योगदान गर्छ साथै लोकतान्त्रिक शासन व्यवस्थामा समावेशी शिक्षालाई विकेन्द्रित शैक्षिक योजना कार्यान्वयन र व्यवस्थापन प्रति स्थानीय सरोकारवालाहरुको जिम्मेवारी बोध हुनुपर्छ कि पर्दैन भन्ने जस्ता समस्याहरुको समाधान पत्ता लगाउनु आवश्यक ठानिएको छ । पाठ्यक्रम निर्माण गर्नु नै ठूलो कुरा होइन यसको कार्यान्वयन पक्ष महत्वपूर्ण कुरा हो । शैक्षिक विकेन्द्रीकरणको आधारमा अगाडि सारिएको स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनमा शिक्षक, प्र.अ. र व्यवस्थापन पक्षको सकृयता, संलग्नता, चासो, चिन्ता, प्रयास, प्राथमिकता, महत्व, निर्देशन, तालिम, स्थानीय आवश्यकताको पहिचान, स्रोत तथा साधनको परिचालन, अनुगमन र मार्गदर्शन जस्ता पक्षमा कम ध्यान दिइएमाविद्यार्थीको सिकाई उपलब्धी बृद्धि हुन्छ भन्न सकिदैन । त्यसैले स्थानीय स्तरमा कार्यन्वयन तथा व्यवस्थापनमा रहेको पाठ्यक्रमका विषयमा खोज गर्नु उपयुक्त ठानिन्छ ।

## १.३. अध्ययनको औचित्य

पाठ्यक्रम सिकाईको राजमार्ग हो । यसले सिकारु र समाजको आवश्यकतालाई समेट्नु पर्छ तर विद्यमान राष्ट्रिय स्तरको पाठ्यक्रमले सबै ठाउँका स्थानीय आवश्यकतालाई समेट्न नसकेको पृष्ठभूमि र शिक्षामा आएको विकेन्द्रिकरणको अवधारणालाई व्यवहारमा ल्याउनको लागि पनि प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनको आवश्यकता रहेको छ ।

देशको विद्यमान लोकतान्त्रिक शासन व्यवस्था अन्तरगत अबलम्बन गरिएको समावेशी शिक्षालाई कार्यान्वयनमा ल्याई मातृभाषा तथा स्थानीय भाषामा शिक्षा प्रदान गर्नको लागि र त्यस सम्बन्धी शिक्षा नीति, नियम, कानून, शैक्षिक योजना तथा पाठ्यक्रम निर्माण कार्यान्वयन तथा व्यवस्थापनसंग सम्बन्धित पक्ष शिक्षक, प्र.अ., सरोकारवाला, संघ, संगठन, संस्था, स्थानीय निकाय, शिक्षा विद, पाठ्यक्रम निर्माता र सरकारलाई समग्र रुपमा राष्ट्रको शिक्षा नीति, निर्माण र कार्यान्वयन गर्नको लागि यो अध्ययनको औचित्य तथा महत्व रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका उद्देश्यहरु निम्नानुसार छन् ।

(क) स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रकृया पत्ता लगाउनु ।

(ख) स्थानीय पाठ्यक्रम व्यवस्थापनको लेखाजोखा गर्ने ।

(ग) पाठ्यक्रमले विद्यार्थीको सिकाई उपलब्धीमा पारेको प्रभाव पत्ता लगाउने ।

## १.५. अनुसन्धानात्मक प्रश्न

यो अध्ययनका लागि निम्न अनुसारका अनुसन्धानात्मक प्रश्न उपयोग गरिएकोछ ।

(क) के प्राथमिक तहको स्थानीय पाठ्यक्रम कार्यान्वयन भइसकेपछि विद्यार्थीको सिकाई उपलब्धीमा सुधार ल्याएको छ ?

(ख) स्थानीय पाठ्यक्रमको कार्यन्वयन प्रकृया कस्तो छ ?

(ग) के स्थानीय पाठ्यक्रम व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धीमा बृद्धि गर्छ ?

(घ) स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा समस्याहरु छन्/छैनन् ?

## १.६. अध्ययनको परिसिमा

यो अध्ययन झापा जिल्लाको लखनपुर गा.वि.स. अन्तरगतका सम्पूर्ण सामुदायिक प्राथमिकविद्यालय र उक्त विद्यालयका सरोकारवालाहरुलाईअध्ययनको परिसिमामा ल्याई अध्ययन तथा अनुसन्धान गरिएको छ। यस लखपुर गा.वि.स. को पूर्वमा तोपगाछी, गौरादह गा.वि.स. पश्चिममा रतुवा खोला दक्षिणमा कोहबरा र महारानी गा.वि.स. र उत्तरमा इलाम जिल्लाको चुलाचुली गा.वि.स. संग सिमाना जोडिएको भौगोलिक रुपमा समथल उत्तरदक्षिण फैलिएर रहेको यस गा.वि.स. क्षेत्रमा विभिन्न मिश्रित जातजातिको बसोबास रहेको छ। सामाजिक, आर्थिक, भाषिक सांस्कृतिक र जातीय विविधताका कारण यस क्षेत्रका सबै बालबालिकाहरु विद्यालयमा नआएको अवस्था देखिन्छ। यस गा.वि.स. का विभिन्न ठाउँमा स्थापना भएका ६ वटा प्रा.वि. १ वटा नि.मा.वि. र ३ वटा मा.वि. गरी जम्मा १० वटा सामुदायिक विद्यालय र आधा दर्जन नीजि विद्यालयहरु रहेतापनि सेवा क्षेत्रका सबै बालबालिकाहरुलाई शिक्षाको घेरामा ल्याउन सकिएको छैन। त्यसकारणले पनि स्थानीय आवश्यकताको पहिचान र स्रोत साधनहरुको परिचालन गरी स्थानीय आवश्यकताको परिपूर्ति गर्ने उद्देश्यका साथ प्राथमिक तहको स्थानीय पाठ्यक्रमको निर्माण कार्यान्वयन तथा व्यवस्थापनले यस क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयका सबै सरोकारवालाहरुलाई समावेश गरी शोध अध्ययन गरिएको छ। शोध अध्ययनको मान्यता अनुसार नेपाल अधिराज्यको भौगोलिक सिमाना र जनसंख्यालाई अध्यनको परिसिमा मानिने भएतापनि भौगोलिक विकटता, कार्यक्षेत्र, आर्थिक तथा भौतिक स्रोत साधन, सुगमता र समय अभावका कारणले गर्दा उक्त माथि उल्लेख गरिए अनुसारको परिसीमा कायम गरी समय सीमाभित्र रहेर यो अध्ययन सम्पन्न गरिएको छ।

## १.७ शब्दहरुको परिभाषा

यो शोध अध्ययनका क्रममा शोध पत्रमा प्रयोग भएका परिभाषिक प्राविधिक र संक्षिप्त रुप समेतका शब्दहरुको निम्नअनुसार परिभाषित गरिएको छ।

सरोकारवाला- विद्यालयसंग सम्बन्धित प्र.अ, शिक्षक, विद्यार्थी, वि.व्य.स. का पदाधिकारी र अभिभावकहरु

स्थानीय पाठ्यक्रम- स्थानीय आवश्यकता अनुसार स्थानीय सरोकारवालाहरुले निर्माण गरी कार्यान्वयनमा ल्याएको स्थानीय शैक्षिक योजना

| | |
|---|---|
| शै.यो.- | शैक्षिक योजना |
| प्रा.वि.- | प्राथमिक विद्यालय |
| प्र.अ.- | प्रधानाध्यापक |
| नि.मा.वि.- | निम्न माध्यमिक विद्यालय |
| मा.वि.- | माध्यमिक विद्यालय |
| वि.व्य.स.- | विद्यालय व्यवस्थापन समिति |
| गा.वि.स.- | गाउँ विकास समिति |
| वि.व्य.स.स.- | विद्यालय व्यवस्थापन समिति सदस्य |
| जि.शि.का- | जिल्ला शिक्षा कार्यालय |
| शै.व.- | शैक्षिक वर्ष |

| | |
|---|---|
| S.L.C.- | School Leaving Certificate |
| I.Ed.- | Intermidiate In Education |
| B.Ed.- | Bachelor of Education |
| M.Ed.- | Master of Education |

# परिच्छेद : दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

शोधपत्रको अध्ययन कुनैपनि विश्वमा स्थापित सिद्धान्त र सम्बन्धित साहित्यको पुनरावलोकनलाई आधार मानेर गरिनुपर्दछ । सिद्धान्त र पूर्व साहित्यलाई आधार मानेर सो कार्य गर्नुपर्ने मान्यता अनुरुप यो शोध अध्ययन पनि पाठ्यक्रम सिद्धान्त व्यवस्थापन सिद्धान्त र विकेन्द्रीकरण सिद्धान्तमा आधारित भई पूर्व साहित्यहरुको पुनरावलोकन गरी अध्ययन गरिएको छ ।

### २.१. सैद्धान्तिक खाका

John F Kerr (1968) का अनुसार पाठ्यक्रम सिद्धान्त शुद्ध बैज्ञानिक सिद्धान्त जस्तो हुँदैन तापनि प्रयोगात्मक भावनाको आधारमा पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । परिकल्पनाहरु वा धारणात्मक पृष्ठभूमिहरुको संयोजनबाट पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । Kerr ले पाठ्यक्रम सिद्धान्तको विकास दुई पद्दतीहरु निगमन विधि र आगमन विधिद्वारा हुने कुरा बताएका छन् । पाठ्यक्रम सिद्धान्तको नमुना पाठ्यक्रम विकासमा सन्दर्भमा Kerr ले प्रस्तुत गरेका ४ वटा चरणहरु पाठ्यक्रमको उद्देश्य, ज्ञान, सिकाई अनुभव र मुल्यांकन नै पाठ्यक्रम निर्माणका प्रकृयामा पर्दछन् । चारवटा चरणहरु मध्य कुनैपनि चरणबाट पाठ्यक्रम विकास गर्न सकिने धारणा उनले उल्लेख गरेका छन्, John F Kerr (1968) का अनुसार पाठ्यक्रमका उद्देश्य तयार अवस्थामा असंख्या उद्देश्यहरुको सूची तयार पार्न सकिन्छ। उद्देश्य निर्धारण गर्ने कार्य यथार्थ चिन्तनमा आधारित हुन्छ।

पाठ्यक्रमका उद्देश्यहरु सिकाई अपेक्षित उपलब्धी हुन् । तसर्थ यीनीहरु शैक्षिक उद्देश्य भन्दा बढी सकारात्मक र विशिष्टकृत हुन्छन् । उद्देश्यहरु कार्यमूलक हुनुपर्दछ । सिकारुहरु उद्देश्य प्राप्त गर्ने निश्चित सिकाई व्यवहारमा संलग्न हुनुपर्दछ । पाठ्यक्रमको ज्ञानतत्व अन्तर्गत उद्देश्यहरु प्राप्त गर्न पाठ्यक्रमका विषयबस्तुहरुलाई कसरी छनौट तथा संगठन गर्नुपर्ने भन्ने सवालको खोजीमा ध्यान दिनु पर्दछ। पाठ्यक्रमका विषयबस्तु छनौट गर्दा सिकारुको क्षमता रुची, सिकाई वातावरण, सिकाईको प्रकृया, विषयबस्तुको प्रकृती आदिलाई ध्यानमा राखि निर्धारित उद्देश्यहरु प्राप्त गर्न सकिने खालका विषयबस्तुहरुको छनौट र संगठन प्रभावकारी ढंगबाट गरिनुपर्दछ । उद्देश्य पूरा गर्न संगठित गरिएका विषयबस्तुहरुको माध्यमबाट कस्ता सिकाई अनुभवहरु प्रदान गर्ने भन्ने प्रश्न नै सिकारुलाई

प्रदान गरिने सिकाई अनुभवहरु छनौट गर्ने आधारहरु हुन्छन् Kerr ले सिकारुलाई प्रदान गरिने सिकाई अनुभवहरुलाई सिकारु र उसको वातावरणका तत्वहरु बीचको अर्न्तकृयाको रुपमा अर्थ्याएका छन् । पाठ्यक्रम मूल्यांकन नमूनाको अर्को महत्वपूर्ण तत्व हो । यो पाठ्यक्रम विकासको एउटा एकिकृत भाग हो । पाठ्यक्रमको बारेमा निर्णय लिनका लागि प्रयोग गर्ने सूचना एवम् जानकारीहरुको संकलन गरिन्छ । कुनै पनि पाठ्यक्रमको उपयुक्तता एवम् कमजोरी आदीको निरन्तर मूल्यांकन गरिनु पर्दछ , (कट्टेल २०६४) बाट उद्धृत ।

Henry Fayol (1841-1925) का व्यवस्थापन नियम कानुनको सट्टामा विचार पूर्वक व्यवस्थापन गर्नुपर्ने धारणा राखेका छन् । उनले व्यवस्थापन एउटा कला कौशलको रुपमा रहेको कुरा जोड दिँदै व्यवस्थापनमा योजना संगठन, नेतृत्व, समन्वय र नियन्त्रण गर्नु व्यवस्थापकीय कृयाकलाप भित्र पर्ने कार्यहरुको रुपमा प्रस्तुत गरेका छन् भने व्यवस्थापनमा १४ वटा आवश्यक प्रकृयाहरु भएको समेत उल्लेख गरेका छन् । योजना निर्माणदेखि संगठन गर्ने, निर्देशन दिने, निर्णय गर्ने सञ्चार गर्ने, प्रेरणा दिने, नियन्त्रण गर्ने जस्ता कुराहरु निश्चित कार्यप्रणालीको आधारमा विकास र विस्तार भएको पाइन्छ ।

कुनैपनि कार्यको उद्देश्य प्राप्ती, व्यवस्थापनको क्रममा विकास र विस्तार गरिएको एक पद्दती वा प्रणालीको रुपमा स्थापित हुन्छ । शैक्षिक संस्थाको लागि व्यवस्थापन महत्पूर्ण पक्ष हो । शिक्षण सिकाई एक सामाजिक प्रकृया हो जसबाट समाजका सम्पूर्ण वर्ग प्रभावित हुन्छ । शिक्षक विद्यार्थी अभिभावक, समुदाय बीच घनिष्ट सम्बन्ध र सम्पर्क स्थापित गर्नु पर्छ । आर्थिक, राजनीतिक, भौतिक पक्षको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्न कार्यनिरन्तर चल्छ यसको उचित प्रयोग र सञ्चालन कुशल व्यवस्थापनबाट मात्र सम्भव छ । शिक्षाको विकास नै व्यक्ति र राष्ट्रिय आधारशिला हो । शैक्षिक व्यवस्थापन पनि सामाजिक परिवर्तन संगसंगै परिवर्तन भईरहन्छ । शिक्षण संस्थाको केन्द्रविन्दु नै व्यवस्थापन हो । मानवीय स्रोत र साधनको परिचालन गरी राष्ट्रिय लक्ष्य र उद्देश्य पूरा गर्न शैीक्ष्क नेतृत्वले ठूलो जिम्मेवारी बोध गर्नुपर्छ , (कोइराला, श्रेष्ठ) बाट उद्धृत २०६३ ।

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत अध्ययन तथा अनुसन्धानसंग सम्बन्धित निम्न अनुसारका पूर्व साहित्यहरुको अध्ययन तथा अवलोकन गरी अध्ययनतथा अवलोकन गरिएको छ ।

२.२.१. ज.व.रा., श्रेष्ठ र रंजितकार (२०६१) का अनुसार पाठ्यक्रम योजना र अभ्यास पुस्तकमा नेपालको पाठ्यक्रम सम्बन्धी मुद्दा तथा समस्या शिक्षामा प्राथमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम ग्रामिण परिवेश र अर्थतन्त्र अनुकूल नभएको गुनासो पनि सुनिएको छ । शिक्षा, अनुसन्धान तथा विकास केन्द्रले सम्पन्न गरेको एक अध्ययनले जनाए अनुसार प्राथमिक तहको पाठ्यक्रमले नेपालका विभिन्न समुदाय, भाषाभाषी तथा जनजातीको सांस्कृतिक र व्यवहारको प्रतिनिधित्व गर्न सकेको छैन साथै वातावरण शिक्षा कृषि जस्ता विषयको व्यवहारिक ज्ञानको समायोजन पाठ्यक्रममा गरिएको छैन भने व्यवहारिक र जीवन उपयोगी मूल्य मान्यता र सीप विकास भन्दा सैद्धान्तिक शिक्षणमा अत्याधिक जोड दिएको पाइन्छ । समुदाय वा स्थानीय निकायलाई आफ्ना क्षेत्रमा विद्यालय खोल्न तथा सञ्चालन नीतिका कारण विभिन्न विद्यालयहरु खेलतापनि उक्त विद्यालयहरुको स्थापना व्यवस्थापन र लगानीका सम्बन्धमा स्थानीय भूमिका स्पष्ट गर्न सकिएको छैन , (ज.व.रा., श्रेष्ठ र रंजितकारः (२०६१) ।

२.२.२ तिमिल्सिना र खरेल : (२०५२) का अनुसार पाठ्यक्रम योजना र अभ्यासमा पाठ्यक्रम योजना निर्माण कार्यान्वयन र समग्र प्रकृयामा नै विभिन्न छलफल र समस्या देखापदर्छन । ती समस्याका गाँठाहरु फुकाउने काम समग्र शैक्षिक प्रकृया समाज, सिकारु विशेषज्ञ विद्यालय आदी निकायहरुको हो भने पाठ्यक्रमलाई जीवनसंग सान्दर्भिक बनाउने कुरा अत्यावश्यक र महत्वपूर्ण छ साथै यो समस्यामूलक र चुनौतिपूर्ण छ । जुन पाठ्यक्रमले व्यक्तिमा आत्मीय भावनाको विकास मानवीय भावनाको विकास, चरित्र निर्माण, समाजको एक असल नागरिकमा हुनुपर्ने गुणको विकास, राष्ट्र, राष्ट्रियताप्रति वफादार र अधिकारप्रति सचेत एवम्कर्तव्यप्रति वफादार हुनसक्ने क्षमताको विकास गराउन सक्दछ त्यहि पाठ्यक्रम जीवनसंग सान्दर्भिक पाठ्यक्रम हो भन्न सकिन्छ (तिमिल्सिना र खरेलः २०५२) ।

२.३. वाग्ले र पौडेल (२०५६) का अनुसारपाठ्यक्रमले विद्यार्थीका आवश्यकता र रुचीलाई समेत ध्यानमा राखि सामाजिक परिवेश अनुरुप बालकको विकासका लागि कस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्छ भन्ने कुराको निर्धारण अनुसन्धानको आधारमा गरी एउटा निर्देशन प्रदान गर्दछ । खासगरी यसै निर्देशन अन्तरगत रहि औपचारिक शिक्षा र पद्धतिको सञ्चालन गरी समाजका लागि आवश्यक जनशक्ति उत्पादन गर्न प्रत्यत्न गरिन्छ । यसरी हेर्दा पाठ्यक्रमलाई  एउटा पथप्रदर्शकको रुपमा लिन सकिन्छ। (बाग्ले र पौडेलः २०५६)।

२.४. सिंह (२०६६) का अनुसार आजको युग सुचना र सन्चारको युग हो । कुनैपनि वैज्ञानिक एवम प्राविधीक पाठयक्रमलाई सूचना एवम सन्चारले कार्यान्वयनमा मदत गर्दछ । पाठयक्रम कार्यान्वयनमा दुई माध्यमले सन्चारको अपेक्षा गर्नसकिन्छ । पहिलो पाठयक्रम निर्माताहरुले पाठयक्रम कार्यान्वयन सम्वन्धित सोध खोज गरी प्रयोगका लागी तयार पारेका विविध स्रोत सामाग्रीहरु सम्वन्धि सञ्चार जो विषय शिक्षकहरुका लागी आवश्यक हुन्छ । अर्को कार्यक्रमको सफल कार्यान्वयनको लागी आवश्यकता होकि सवै शिक्षक स्टाफ प्रधानाध्यापक एवम् पाठयक्रम विद विशेषज्ञ एवम् प्रसासनिकहरु बीचमा छलफल अन्तर क्रिया एवम् समस्या सम्वन्धि सञ्चार हुनु अति आवश्यक हुन्छ । यदि पाठयक्रम विशेषज्ञ कार्यान्वयन वारे कुनै तथ्य वारेको जानकारी दिन चाहन्छन भने उसले पत्रहरु लेखहरु पुस्तक वुलेटिन् सोध प्रतिवेदन एवम् वक्तव्यद्धारा सूचना प्रदान गर्न सक्छ । यदि नयाँ निर्मित पाठयक्रम पुरानो पाठयक्रम भन्दा भिन्न एकदमै भिन्न प्रकारको पनठयक्रम छ भने कार्यशाला वैठक छलफल सभा सेमिनर आदिमा भुमिका निर्वाह एवम् प्रदर्शनबाट सञ्चार गर्न सकिन्छ,   (सिंह २०६६)।

२.५.अधिकारी (२०१०) का अनुसार सामान्य अर्थमा स्थानीय तहमा निर्णय, अधिकार दिनु नै विकेन्द्रीकरण हो। शैक्षिक सूचना व्यवस्थापन सम्बन्धमा विद्यालयलाई निर्णय दिने अधिकार प्रदान गर्नुलाई विकेन्द्रकरणको साँघुरो परिभाषाबाट हेर्न सकिन्छ । यस प्रकृयामा विद्यालयको आकांक्षा समेत जोडिएको हुनाले गुणस्तर विकासमा सहयोग पुग्ने अपेक्षा गरिन्छ । यसले निर्णय प्रकृयामा शिक्षक, अभिभावक तथा समुदायको संलग्नता अपरिहार्य गरेको हुन्छ (अधिकारी २०१०)।

२.६. पोखरेल १९९६ का अनुसार सरकारले राष्ट्रिय स्तरमा नीति र कार्यक्रमहरु बनाउँछ र लागू गर्छ । मुलुकका विभिन्न भागमा समस्या र आवश्यकताहरु विभिन्न हुन्छन् तथा तिनलाई आ-आफ्नो ढंगले समाधानको जरुरत पर्दछ त्यसैले राज्यको कार्यभारलाई हलुको पार्न खर्च किफायत गर्नु गाउँ तथा शहरका स्थानीय समस्याहरुको विशेषता अनुसार काम गर्न जनतामा व्यवहारिक राजनीतिको ज्ञान गराउन स्थानीय नेतृत्वको विकास गर्न र स्थानीय जनतालाई सुविधाजनक प्रवन्ध उपलब्ध गराउन विभिन्न मुलुकमा स्थानीय स्वायत्त शासनका एकाईहरुको विकास भएको छ । यस्ता एकाईहरुले साक्षरता सम्बन्धी कार्यक्रम, बोद्धिक साँस्कृतिक तथा धार्मिक र पूरातात्विक महत्वका बस्तु र स्थान व्यायामशाला, खेलमैदान, पार्टी, पौवा, धर्मशाला, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरुको लगत राखि हेरचाह गर्ने सिहार संभार निर्माण र मर्मत गर्ने विभिन्न जाती, भाषा, धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने काम गर्छन (पोखरेल सन १९९६) ।

## २.३. शैक्षिक उपादियता

सोध पत्र अध्ययनमा पाठ्यक्रम सिद्धान्त र व्यवस्थापन सिद्धान्तलाई आधारशिलाको रुपमा उपयोग गरी शोध अध्ययनको निष्कर्षमा पुगिएको छ । त्यो नै शोध-पत्रको धरातल हो । पाठ्यक्रम सिद्धान्तले पाठ्यक्रमको निर्माण गर्दा पाठ्यक्रमका उद्देश्यहरु निर्माणका चरण विधि र मूल्यांकनका साधनहरुको निर्धारण गरी सामाजिक आवश्यकता, स्थानीय स्रोत तथा साधनहरुको परिचालन गरी सिकारुको इच्छा, चाहना आवश्यकता र स्तर अनुरुपको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने सम्बन्धमा सैद्धान्तिक खाका प्रदान गरेको छ भने व्यवस्थापन सिद्धान्तले व्यवस्थापन नियम कानुनको सट्टा विचारपूर्वक व्यवस्थापन बन्दोवस्ती गर्ने कला कौशल हो भन्ने मान्यताको स्थापना गरेको छ । जुन योजना निर्माणदेखि संगठन गर्ने निर्देशन दिने, निर्णय गर्ने, सञ्चार गर्ने, प्रेरणा दिने र नियन्त्रण गर्ने जस्ता कार्यलाई व्यवस्थापन भित्र लिइएको पाइन्छ तर पूर्व सम्बन्धित साहित्यहरुको अध्ययनका क्रममा हाल नेपालको राष्ट्रिय स्तरमा निर्मित प्राथमिक पाठ्यक्रम तथा पाठ्यपुस्तक वालबालिकाहरुको जीवनसंग सान्दर्भिक नभएको, स्थानीय आवश्यकतामा आधारित नभएको, विभिन्न ठाउँका आवश्यकता स्रोत तथा साधनको सम्बोधन गर्न नसकेको मानवीय भावनाको विकास, चरित्र निर्माण गर्न नसकेको र वर्तमान प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुपको समावेशी शिक्षा तथा शैक्षिक विकेन्द्रिकरणको योजना कार्यान्वयनमा ल्याउनको लागि पाठ्यक्रम निर्माण कार्यान्वयन, सुधार तथा परिमार्जन गर्नुपर्ने महसुस गरिएको पाइन्छ ।

नेपालमा विगत १ दशकभन्दा लामो समयबाट विद्यमान आन्तरिक द्वन्द्व र त्यसले शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभाव अदक्ष सरोकारवाला र दक्ष जनशक्तिको अभाव रहेको पृष्ठभूमिमा निर्माण र कार्यान्वयनमा आएको स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनको प्रक्रिया कस्तो छ । कतै यसको कार्यन्वयन नै नभएको अवस्था त छैन । यदि स्थानीय पाठ्यक्रमको कार्यान्यिन भएको भए यसको कार्यान्वयनमा के-कस्ता समस्याहरु रहेका छन् ती समस्याहरुको समाधान गर्ने उपायहरु के-के हुन सक्छन् । अर्को तर्फ स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आएपछि विद्यार्थीहरुको सिकाई उपलब्धि, सरोकारवालको सहभागिता, चासो जिम्मेवारी र अनुगमन तथा मूल्यांकनको अवस्थामा परिवर्तन आएको छ कि छैन ? यसले समावेशी शिक्षा र शैक्षिक विकेन्द्रीकरण योजनालाई विस्तार गरी शिक्षालाई प्रत्येक व्यक्ति व्यक्ति र घर घरमा पुऱ्याई व्यक्तिगत र स्थानीय आवश्यकताहरुको परिपूर्ति गर्ने कार्यमा योगदान गर्छ कि गर्दैन भन्ने कुराको खोज गर्नुमा नै यसको शैक्षिक उपादियता रहनेछ ।

# परिच्छेद-तीन
## अध्ययन विधि

कुनैपनि शोधपत्रको महत्व त्यसमा प्रयोग गरिएको अनुसन्धान तथा अध्ययन पद्दतिमा निर्भर रहेको हुन्छ । शोध कार्यलाई यथार्थ तथा तथ्यपूर्ण बनाउनका लागि बैज्ञानिक विधिबाट खोज तथा अनुसन्धान गरी निष्कर्षमा पुग्नको निम्ति अध्ययन विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसकारण शोधपत्रको लागि बैज्ञानिक प्रणालीलाई उपयोगमा ल्याउनको लागि विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय शैक्षिक विधिहरु प्रयोग गरेर गरिएका हुन्छन् । जुन् निम्न अनुसार रहेका छन् ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन झापा जिल्ला लखनुपर गा.वि.स मा संचालित दश वटा सामुदायिक प्राथमिक विद्यालयमा गरिएको छ । उक्त विद्यालयका सवै सरोकारवालाहरुलाई अध्ययनको घेरमा ल्याई, उद्देश्य वनाई, विद्यालयवाट आवश्यक पर्ने सहयोगका लागि प्रधानाध्यापकहरु संग अनुमति दिई विद्यालयका सरोकारवाला पक्षहरु प्र.अ., शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका सदाधिकारीहरु र स्थानिय बुद्दिजीवि तथा समाज सेवीहरु संगको भेटघाट साथै कुराकानी वाट अनुसन्धानात्मक ढाँचालाई अगाडी वढाइएको छ ।

प्रधानाध्यापकले अध्ययनका लागि स्वीकृति प्रदान गरिसकेपछि प्रश्नावली तयार गर्ने, मिति र समयसुनिश्चित गरी स्थ्लगत सर्वेक्षण वाट तथ्याङ्कहरुको संकलन गरिएको छ । स्थलगत सर्वेक्षणका क्रममा स्थानीय वुद्दिजीवि तथा समाज सेवीहरु संगको भेटधाट र अन्तर्वार्ता समेत लाई यो अध्ययनमा समावेश गरिएको छ । स्थानीय पाठयाक्रमको कार्यान्वयन तथा व्यवस्थापन विषयको अध्ययन गर्ने सन्दर्भमा सरोकारवालाहरुको पाठयक्रम कार्यान्वयनमा देखिएको सहभागीता, सक्रियता , चासो, जिम्मेवारीको वोधका साथै उपलव्ध भएका स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तकहरुको समेत अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । उपलव्ध तथ्य तथ्याङ्कलाई प्रशोधन गरि तालिका, हिस्टोग्राम स्तम्भ चित्र र वृत्त चित्रमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रकृया

### ३.२.१ जनसंख्याको

कुनै पनि अध्ययनमा नेपाल अधिराज्यको जनसंख्यालाई शोध अध्ययनको जनसंख्याको रुपमा लिइन्छ । यो अध्ययनमा पनि नेपाल भरीका विद्यालय संग सम्बन्धीत सवै सरोकारवालाहरुलाई जन संख्याको रुपमा लिई अनुसन्धान गरिएको छ । एकै किसिमका विशेषताहरु भएको समुहलाई जन संख्या मानिने भएकाले यो स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन विषयको अध्ययनमा सामुदायिकप्राथमिक विद्यालयका सम्पूर्ण सरोकारवालाहरुलाई शोध अध्ययनको जन संख्या कायम गरिएको छ । सामुदायिक प्राथमिक विद्यालय संग सम्वन्धीत पक्ष प्र.अ. शिक्षक, विद्यार्थी व्यवस्थापन समिति पदाधिकारीहरु, अभिभावकहरु र व्यवस्थापन समिति पदाधिकारीहरु, अभिभावकहरु र स्थानिय बृद्दिजीवि तथा समाज सेवीहरु समेतलाई यो अध्ययनको घेरामा लिइएको छ । यसरी अध्ययन तथा अनुसन्धानलाई तथ्यपूर्ण, यर्थाथ र विश्वसनीय सूचना तथा जानकारी प्राप्त हुन सकोस भनि शोध अध्ययनमा जन संख्यालाई प्रयोग गरिन्छ । यस प्रकारको सिंगो जन संख्याको अध्ययन वाट यर्थाथ विवरण प्राप्त हुन्छ भन्ने मान्यताको आधारमा जनसंख्यको उपयोग गरी देशका सवै सामुदायिक प्राथमिक विद्यालयसंग सम्बन्धीत सबै पक्षलाई यो अध्ययनमा समावेश गरिएको छ ।

### ३.२.२ नमूनाको आकार

यो शोध अध्ययनका क्रममा सम्पूर्ण सरोकारवाला पक्ष जसलाई अनुसन्धानको जन संख्याको रुपमा लिईएको छ , त्यस वाट अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकाले अध्ययन कार्यकालागि सम्भव हुन सक्ने गरी झापा, लखनपुर गा.वि.स. अन्तरगतका दश वटा सामुदायिक प्राथमिक विद्यालय र उक्त विद्यालयका सवै सरोकारवालाहरुलाई यो अध्ययनको नमुनाको आकार कायम गरिएको छ । नमुनाको आकार कायम गरी शोध अध्ययन गर्दा जन संख्याको प्रतिनिधित्व हुने उपयोगी तथा व्यवहारीक हुनुका साथै आवश्यक समय श्रम र खर्चको समेत वचत हुने भएकाले पनि जन संख्याको आकार सानो बनाई अनुसन्धान गरिएको छ । नमुनाको अध्ययनमा वाट प्राप्त तथ्याङ्कको प्रशोधन, तालीकीकरण, व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालीएको छ ।

### ३.२.३ नमुनाको छनोट विधि

कुनैपनि शोघ अध्ययनमा नमूनाको छनौट गर्दा एउटा निश्चित नियमको आधारमा गरिनु पर्ने भएकाले यो अध्ययनमा पनि सभावनारहित नमूना छनौट पद्धतिका आधारमा उद्देश्यपूर्ण नमूना छनौट विधिलार्य उपयोग गरिएको छ । जनसंख्याको क्षेत्र सानो हुने भएकोले सबै एकाइहरुसंग परिचित भई अनुसन्धानको उद्देश्य पूरा भई निर्णयमा पुग्न सकिने भएकोले यो नमूना छनौट विधिलाई अबलम्बन गरिएको छ । त्यसैगरी यो नमूना छनौट प्रक्रिया अनुसन्धानकर्ताको आवश्यकता, रुचि र अवस्थामा निर्भर भई स्वतन्त्र हुने भएकाले नै छनौट गरी अध्ययन तथा अनुसन्धान गरिएको छ ।

### ३.२.४ नमूना छनौटका आधार

अध्ययन तथा अनुसन्धान भनेको एउटा कठिन कार्य हो । प्रस्तुत शोधकर्ताले अध्ययन तथा अनुसन्धानमा पूरा समय र स्रोत-साधन लगाउन नसक्ने बाध्यताहरु हुन्छन् । त्यस कारणले गर्दा नमूना छनौटका निश्चित आधार वा सिमाहरुमा बाँधिएर अध्ययन तथा अनुसन्धानलाई अगाडि बढाउनु पर्छ । यस अध्ययनमा भौगोलिक सुगमता, आफ्नो कार्यक्षेत्र, समावेशी, स्रोत तथा साधनको उपलब्धता, तथ्यांक संकलनमा सुगमता र सूचना तथा जानकारी प्राप्त गर्न सहज हुने गरी नमूना छनौटका आधारमा रहेर यो सोध अध्ययन गरिएको छ । यसै गरी शोध अध्ययनमा शोधकर्ताको समय र खर्च गर्न सक्ने आर्थिक क्षमतालाई समेत नमूना छनौटका आधार मान्न सकिन्छ ।

### ३.३ अनुसन्धानका साधन

शैक्षिक अनुसन्धानका क्रममा प्राथमिक तथ्यांकहरु संकलन गर्ने विभिन्न विधिहरु रहेका छन् । ती विधिहरु मध्ये अन्तर्वाता, अवलोकन र प्रश्नावली मुख्य विधिका रुपमा उपयोग गरी यो शोध अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक, सूचना तथा जानकारीहरु प्राप्त गर्नको लागि निम्न अनुसारका साधनहरुको प्रयोग गरिएको छ ।

(क) अन्तरवार्ता

स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन विषयक शोध अध्ययनका सन्दर्भमा आवश्यक पर्ने प्राथमिक सूचना तथा जानकारीहरु प्राप्त गर्नको लागि स्थानीय निकायका प्रतिनिधि जीवराज भट्टराई र पूर्व प्र.अ. तथा बुद्धिजीवि दिलिप संग्रौलासंगको अन्तरवार्ताको विवरण यस प्रकार रहेको छ ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धमा तपाईंको धारणा के छ भनी जिज्ञासा राख्दा यसमा भू.पू. प्र.अ. दिलिप संग्रौला भन्नुहुन्छ । शैक्षिक विकेन्द्रीकरण अवधारणाको रुपमा आएको स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा व्यवस्थापनसंग सम्बन्धित पक्षहरुको भेटघाट भेला, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमहरुको आयोजना गरी कार्यान्वयन तथा व्यवस्थापनमा जानु व्यवहारिक हुन्छ । त्यसैगरी स्थानीय निकायका प्रतिनिधि जीवराज भट्टराई- पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्नको लागि स्थानीय सरोकारवालाहरुको जिम्मेवारी तथा उत्तरदायित्वको बोध हुनु जरुरी देखिन्छ भने उनीहरुको कार्यक्षेत्रमा सहभागिता, सकृयता र निरन्तरता जस्ता पक्षमा जोड दिनु आवश्यक छ । स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा महिला अभिभावकको भूमिकालाई कसरी हेर्नु भएको छ भन्ने अर्को प्रश्नको उत्तरमा- सिद्धदेवी मा.वि. का प्र.अ. खगेन्द्र भट्टराईको धारणा-अप्रत्यक्ष रुपमा महिला अभिभावक हरुको भुमिका महत्व पूर्ण रहेको देखिन्छ । बालबालिकाहरुलाई विद्यालय पठाउने र उनीहरुको कापी पेन्सील र खाजा जस्ता सामग्रीको रेखदेख, भेला बैठकमा सहभागिता पुरुष अभिभावकको तुलनामा महिला अभिभावहरुको बढी सक्रियता देखिएका कारण विद्यालयमा आमा भेला जस्ता कार्यक्रमहरु संचालन गरी स्थानीय पाठ्यक्रमको व्यवस्थापन गर्ने विषयमा आमाहरुलाई सचेत र जागृत गर्नुपर्ने देखिन्छ ।

### (ख) अवलोकन

अवलोकन प्राथमिक तथ्यांक संकलन गर्ने प्रमुख विधि भएकोले यो शोध अध्ययनमा पनि यस विधिलाई उपभोग गरी तथ्यांक संकलन गरिएको छ । अवलोकनको माधयमबाट स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता भए नभएको, यसको व्यवस्थापन के कसरी गर्ने गरिएको छ भनि निरिक्षण/अवलोकन गरिएको छ । अवलोकनका क्रममा स्थानीय सरोकारवालाहरुको सहभागिता र भेला, बैठक, गोष्ठीमा सम्बन्धित पक्षको सक्रिय सहभागिता र पाठ्यक्रम कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी, प्रतिवद्धता जस्ता पक्षहरुको समेत अवलोकन गरी शोध अध्ययनलाई पूर्णता दिइएको छ । त्यसैगरी पाठ्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा प्रत्यक्ष रुपमा सहभागि हुने प्र.अ., शिक्षक र विद्यार्थीहरुको तत्परता र के कस्तो रहेको छ र स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएपछि विद्यार्थीको सिकाई उपलब्धीमा के कस्तो प्रभाव परेको छ भन्ने कुराको समेत अवलोकन गरी तथ्यांक संकलन गरी खोज तथा अनुसन्धानलाई पूर्णता दिने काम भएको छ ।

### (ग) प्रश्नावली

यो शोध अध्ययनमा पनि प्राथमिक तथ्यांक संकलन गर्नको लागि प्रश्नावलीको विधिलाई उपयोग गरिएको छ । यसका लागि प्रधानाध्यापकसंग सम्बन्धित १० शिक्षकसंग सम्बन्धित ८ विद्यार्थीसंग सम्बन्धित ८ व्यवस्थापन समितिसंग सम्बन्धित ५ गरी जम्मा ३१ वटा प्रश्नावलीहरु तयार गरी स्थलगत सर्वेक्षणबाट तथ्यांक र सूचना संकलन गरिएको छ । उक्त तथ्यांक तथा सूचना प्राप्त गर्नको लागि उपयोगमा ल्याइएका प्रश्नावलीहरुलाई पछाडि अनुसूचीमा समावेश गरिएको छ ।

## २.४ तथ्यांकको स्रोत

शोध अध्ययनका क्रममा अनुसन्धानकर्ताले पहिलो पल्ट संग्रहित तथ्यांकलाई प्राथमिक तथ्यांक भनिन्छ । यो शोध अध्ययनमा प्राथमिक र सहायक दुवै किसिमका तथ्यांकका स्रोतहरुको उपयोग गरी अनुसन्धान गरीएको छ । प्रस्तुत शोध अध्ययनका लागि आवश्यक

पर्ने तथ्यांक र सूचना प्राप्त गर्नको लागि अवलोकन, अन्तर्वार्ता र प्रश्नावली जस्ता प्राथमिक स्रोतको माध्यमद्वारा तथ्यांक संकलन गरी खोज तथा अध्ययन गरिएको छ । यस किसिमका तथ्यांक उपयोगि मात्र नभई बढी विश्वसनीय र बैद्य समेत हुने भएकोले प्राथमिक स्रोतको प्रयोग शोध अध्ययनमा बढी मात्रामा हुने गर्छ ।

## ३.५ तथ्यांकको विश्लेषण

यो सोध अधययन तथा अनुसन्धानका क्रममा संकलन गरिएका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त परिमाणात्मक एवम् गुणात्मक तथ्यांकहरुलाई तालिकिकरण गरी हिप्पोग्राम, स्तम्भ चित्र र वृत्त चित्रमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । स्थलगत सर्वेक्षण र अवलोकनबाट प्राप्त तथ्यांकलाई प्रशोधन गरी अर्थपूर्ण बनाई व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्यांक संकलनका क्रममा सरोकारवालाहरु संगको भेटघाटदेखि बैठक, भेला, गोष्ठीसम्मका कार्यक्रमहरु स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्ने सम्बन्धमा सम्पन्न गरिएका छन् भने स्थलगत अवलोकनबाट स्थानीय पाठ्यक्रम व्यवस्थापनमा देखिएका समस्याहरु र सरोकारवालाहरुको सहभागित तथा जिम्मेवारीको समेतको लेखाजोखा गरिएको छ ।

## परिच्छेद : चार

### तथ्यांकको विश्लेषण र व्याख्या

प्रस्तुत शोध अध्ययनको विषयको आधारमा  झापा जिल्ला लखनपुर गा.वि.स. अन्तरगत संचालित सामुदायिक प्राथमिक विद्यालय र सो विद्यालयहरुसंग सम्बन्धित पक्ष प्र.अ., शिक्षक, विद्यार्थी र व्यवस्थापन समिति सदस्यका साथै व्यक्तिगत भेटघाट, विभिन्न व्यक्तिहरुसंगको कुराकानी, भेला, कार्यशाला गोष्ठी, आमा भेला, पाठ्यक्रम कार्यान्वयन सम्बन्धी गोष्ठी र उपलब्ध स्थानीय पाठ्यक्रम समेतका आधारमा तथ्याङ्कको विश्लेषण व्याख्या गरिएको छ ।

### ४.१. स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

#### ४.१.१ व्यक्तिगत भेटघाट

प्राथमिक तहको कक्षा १-५ मा मातृभाषा तथा स्थानीय आवश्यकता वातावरण अनुसारको शिक्षा प्रदान गर्नको लागि प्राथमिक पाठ्यक्रम २०४९ मा व्यवस्था भए बमोजिम स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने सम्बन्धमा विद्यालयका प्रधानाध्यापक , शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य, स्थानीय निकायका पदाधिकारी, समाजसेवी र बुद्धिजीविहरुसंग स्थानीय पाठ्यक्रमको व्यवस्थापन  गर्ने सम्बन्धमा छोटो व्यक्तिगत भेटघाट सम्पन्न भएको छ ।

श्री मंगलमय माध्यमिक विद्यालयका प्र.अ. ओमप्रसाद खनालका अनुसार प्राथमिक तहको १-५ कक्षामा स्थानीय परिवेश अनुसारको पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्ने भनिएतापनि पाठ्यक्रमको निर्माण तथा व्यवस्थापन नभएकाले पठन-पाठन गराउन कठिन भएकाले स्थानीय पाठ्यक्रमको व्यवस्थापन आवश्यक भएको भनाई छ । यसैगरी सोहि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिबहादुर राई भन्नुहुन्छ “स्थानीय पाठ्यक्रमको निर्माण गर्दा यस विद्यालयको सेवा क्षेत्रभित्र राई जातीको जनघनत्व वढी भएकाले राई वान्तवा भाषालाई ध्यानमा राखि पाठ्यक्रमको निर्माण गर्नुपर्छ ।” श्री सरस्वती मा.वि. का शिक्षक धनप्रसाद भण्डारी र श्री गुहेश्वरी नि.मा.वि. का विद्यालय व्यवस्थापन समितिका

अध्यक्षको भनाई मिल्दोजुल्दो रहेकोछ । उनीहरुको भनाई छ “हाम्रा ग्रामीण क्षेत्रका विद्यालयमा परिवेश अनुसारको कृषि तथा पशुपालन सम्बन्धी शिक्षा प्राथमिक तहबाटै दिन आवश्यक छ ।” लखनपुर स्रोतकेन्द्रका पूर्व स्रोतव्यक्ति तथा बुद्धिजीवी श्री नेत्रप्रसाद खनाल भन्नुहुन्छ “घना वस्ती र यातायातका साधनहरु चल्ने भएकाले साइकल रिक्सा र गाडी मर्मत सम्बन्धी सीप आवश्यक भएको र सोही अनुसारको स्थानीय पाठ्यक्रम कार्यान्वयन आवश्यक छ ।”

४.१.२ प्रधानाध्यापकको भेला

प्राथमिक तहको पाठ्यक्रममा समावेश गरिएका विषयहरु मध्ये सामाजिक अध्ययन, सृजनात्मक र शारिरीक शिक्षाबाट २०/२० प्रतिशत अंशको स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने र स्थानीय परिवेश अनुसारको १०० पूर्णाङ्कको पूरै पाठ्यक्रम तयार गरी सोही अनुसारको शिक्षा प्रदान गर्न सकिने भनी प्राथमिक पाठ्यक्रम २०४९ मा व्यवस्था भए अनुसार मातृ तथा स्थानीय भाषामा समेत शिक्षा प्रदान गर्न सकिने प्रावधानले सरोकारवालाहरुको आफ्नो अधिकार कर्तव्य र जिम्मेवारीको बोध हुनुका साथै स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा र संलग्नतामा स्थानीय पाठ्यक्रमको निर्माण र तथा व्यवस्थापन अति आवश्यक भएको महसुस गरियो ।

तालिका नं. १

प्रधानाध्यापक भेलाको उपस्थिती विवरण

| स.नं. | विवरण | संख्या | | जम्मा | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्रधानाध्यापक | - | १० जना | | १० जना |
| २ | पाठ्यक्रमविद | - | १ जना | | १ जना |
| ३ | स्रोतव्यक्ति | - | २ जना | | २ जना |
| जम्मा | | | १३ | | १३ |

| | | | | |
|---|---|---|---|---|
| | | जना | | जना |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत माथिको तालिका नं. १ बाट स्थानीय पाठ्यक्रमको कार्यान्वयन पूर्व पाठ्यक्रमको पहिचान गरीएका आवश्यक्ताहरु क्रमश कार्यान्यन तथा व्यवस्थापन गर्ननको लागि व्यक्तिगत भेटघाटले प्रधानाध्यापकको भेलामा रहेको उपस्थिति विवरणका साथै जानकारहरुबाट प्राप्त परामर्शहरु प्रस्तुत गरिएको छ । तालिकामा उल्लेख भएअनुसार लखनपुर गा.वि.स. अर्न्तगतका १० सामुदायिक विद्यालयका १० जना प्र.अ., १ पाठ्यक्रमविद र २ जना स्रोतव्यक्तिहरुको सहभागिता भएको भेलाले स्थानीय पाठ्यक्रम को शिग्र कार्यान्वयन तथा व्यवस्थापन भर्ने भनि निष्कर्ष निकाल्यो भने यो शोध अध्ययनमा उपयोग गरिएको Henry fayol को व्यवस्थापन सिधान्तमा उल्लेख भए अनुसार कुसलतापुर्वक योजना तथा व्यवस्थापन गर्ने प्रक्रीया भित्र पर्ने समेत देखिन्छ ।

४.१.३ स्थानीय बुद्धिजीविहरुको भेला

भेलामा सहभागी बुद्धिजीविहरुले स्थानीय आवश्यकता अनुसार तरकारी खेती, फूलखेती, माछापालन तथा पशुपालन र कृषि शिक्षा सम्बन्धी शिक्षा दिनका लागि आवश्यक भएकोले कृषि शिक्षा प्रदान गर्नको लागि सोहि अनुसारको पाठ्यक्रम निर्माण गरी शिक्षा प्रदान गर्नुपर्ने भन्ने पक्षमा अधिकांश भेलामा सहभागि बुद्धिजीविहरुले जोड दिएका थिए भने सुरक्षाको दृष्टिकोणले यातायातको बढ्दो उपयोगकका कारणले ट्राफिक शिक्षा, जीवन निर्वाह गर्नका लागि सहज हुने रिक्सा साइकल मर्मत सम्बन्धी शिक्षा दिनु व्यवहारिक हुने राय प्रकट गरेका थिए । यसैगरी समय परिवेश अनुसार कार्पेन्टर र विद्युत वाइरिङ सम्बन्धी शिक्षा प्रदान गर्न समेत सकिने भन्ने मत प्रकट गरेको पाइन्छ । केहि सहभागिहरुले मातृ तथा स्थानीय भाषाको पाठ्यक्रम निर्माण गरी सोहि भाषामा शिक्षा दिनुपर्छ भनेका थिए । ग्रामिण परिवेश कृषिको वाहूल्यता भएका कारणले पशुपालनलाई समेत समेटेर कृषि शिक्षा प्रदान गर्न अति आवश्यक भएको निष्कर्ष अनुसार कृषि शिक्षाको स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने टुंगो भयो ।

तालिका नं. २

वुद्धिजीविहरुको भेलामा सहभागि विवरण

| क्र.सं. | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | महिला | रुष | म्मा |
| | प्र.अ. | - | | |
| | शिक्षक | 4 | | |
| | स्थानीय निकाय प्रतिनिधि | - | | |
| | समाजसेवी | 2 | | |
| | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु | 2 | | |
| | संघ संस्थाका प्रतिनिधिहरु | - | | |
| | स्रोत व्यक्ति | - | | |
| | अभिभावक | 2 | | |
| | जम्मा | 10 | 8 | 8 |

स्रोतः स्थलगत सर्वेक्षण

माथिको तालिकामा बुद्धिजीविहरुको भेलामा सहभागि व्यक्तित्वहरुको संख्या संघ-संस्थाबाट स्थानीय पाठ्यक्रमको आवश्यकता पहिचान सम्बन्धी भेलामा सहभागिता रहेको थियो भन्ने कुराको अवलोकन गर्न सकिन्छ । कूल सहभागि संख्या ३८ मा महिलाहरु २६.३१ प्रतिशत सहभागिता भएको पाइन्छ भने अधिकांश सहभागिहरुले कृषि शिक्षा सम्बन्धी शिक्षा दिनु पर्नेमा जोड दिएका थिए भने यो शोध अध्ययनमा उपयोग गरिएको JF Kerr को पाठ्यक्रमको सिद्धान्त अनुसार उद्देश्यको निर्धारण गर्न गर्नुभन्दा अगाडि आवश्यकताको पहिचान गरिनु पर्ने सैद्धान्तिक अवधारणालाई आत्मसाथ गरेको पाइन्छ ।

४.१.४ स्थानीय पाठ्यक्रम कार्यान्वयन कार्यशाला गोष्ठी :-

स्थानीय बुद्धिजीविहरुको भेलाले पहिचान गरेको स्थानीय आवश्यकताको आधारमा निम्न अनुसारका सरोकारवालाहरुको सहभागितामा कृषि शिक्षा विषयको स्थानीय पाठ्यक्रम निर्माण कार्यशाला गोष्ठीबाट निर्माण गरी कार्यन्वयनमा ल्याएको पाइन्छ ।

तालिका नं. ३

स्थानीय पाठ्यक्रम कार्यान्वयन कार्यशालामा सरोकारवालाको सहभागीता :

| स.नं. | विद्यालय | प्रधान ाध्यापक | | शिक्ष क | | वि.व्य ा.स. | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हिला | रूष | हिला | रूष | हिला | रूष | हिला | रूष |
| . | शहिद रत्न प्रा.वि | | | | | | | | |
| . | गुहेश्वरी नि.मा. | | | | | | | | |
| . | मंगलमय उ.मा. | | | | | | | | |
| . | सिद्ध देवी प्रा. वि. | | | | | | | | |
| . | वाणि उ.मा. | | | | | | | | |
| . | पञ्चकन्य ा प्रा.वि | | | | | | | | |
| . | पिङडाँडा प्रा. वि | | | | | | | | |
| . | सिंह देवी प्रा. वि | | | | | | | | |
| . | सरस्वती मा. वि | | | | | | | | |
| 0. | अरनीको प्रा. वि | | | | | | | | |

| जम्मा | | 0 | | 1 | | 4 | 0 | 5 |
|---|---|---|---|---|---|---|---|---|

स्रोत स्थलगत सर्वेक्षण- २०६७

माथिको तालिकामा नं. ३ मा प्रस्तुत गरिएको तथ्याँकले स्थानिय पाठ्यक्रम कार्यान्वयन कार्यसाला गोष्ठीमा सरोकारवालाहरुको सहभागिता के कस्तो रहेको थियो भन्ने कुराको अवलोकन गरी, तथ्याङ्को व्यवख्या तथा विश्लेषण गरिन्छ । यो पाठ्यक्रम कार्यान्वयन गोष्ठीमा यो शोध अध्ययन परिसिमामा उल्लेख गरिए अनुसारका दश वटा सामुदायिक प्राथमिक विद्यामलयका प्रधानाध्यापक शिक्षक व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संधका पदाधिकारीहरुको सक्रिय सहभागिता भएको पाइन्छ । उक्त गोष्ठीमा जम्मा ५५ जना सरोकारवालाहरुको सहभागीता भएकोमा महिला सहभागिता संख्या भने दश जना मात्र रहेको पाइन्छ भने १० जना प्रधानाध्यापकमा एक जना पनि महिला प्रधानाध्यापक नभएको देखिन्छ । कुल सहभागी संख्या ३२.७२% अभिभावक र १८.१८% महिलाले पाठ्यक्रम योजना कार्यान्वयनमा सहभागीता हुनुलाई सकारात्मक शुरु आतका रुपमा लिन सकिन्छ । भने यो शोध अध्ययनको सैद्धान्तिक आधारको रुपमा उपयोग गरिएको JF Keer को पाठ्यक्रम सिद्धान्तको पाठ्यक्रम निर्माणका ४ चरणहरु मध्ये प्रथम चरणको उद्देश्य निर्धारण अर्न्तगत रहेको यो कार्यशाला गोष्ठीबाट स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन भएको पाइन्छ ।

## ४.२. स्थानीय पाठ्यक्रम व्यवस्थापन

स्थानीय पाठ्यक्रमको निर्माण पछि यसको कार्यान्वयन गर्ने सन्दर्भमा सरोकारवालाहरुको १ दिने गोष्ठीको आयोजना गरियो ।

### ४.२.१ शिक्षकहरुको गोष्ठी

स्थानीय विषयको पाठ्यपुस्तक नभएको अवस्थामा कृषि शिक्षाको पठन-पाठन स्थानीय पाठ्यक्रमको माध्यमबाट शिक्षण सिकाई कृयाकलाप अगाडि बढाउनुपर्ने भएकाले प्रत्येक शिक्षकलाई एक/एक प्रति स्थानीय पाठ्यक्रमको प्रति शैक्षिक सत्र सुरुमै उपलब्ध गराइनुपर्छ । कृषि शिक्षाको स्थानीय विषयको शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक

सामग्री, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट निर्माण तथा संकलन र व्यवस्थापन गर्नु पर्छ शिक्षणका क्रममा आएका समस्याहरुलाई शिक्षक बैठकमा राखि छलफल गरी समाधान खोज्नुका साथै प्र.अ. तथा सम्बन्धित पक्षबाट नियमित रुपमा शिक्षण कृयाकलापको अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण प्रदान गरिनु पर्ने ।

तालिका नं. ४

पाठ्यक्रम व्यवस्थापन सम्बन्धी गोष्ठीमा सहभागि शिक्षक विवरण

| स.नं. | विद्यालय | शिक्षक | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| | शहिद रत्न प्रा.वि | 1 | 1 | 2 |
| | गुहेश्वरी नि.मा. | 2 | 1 | 3 |
| | मंगलमय उ.मा. | 2 | 2 | 4 |
| ३ | सिद्ध देवी प्रा. वि. | 1 | 2 | 3 |
| | वाणि उ.मा. | 1 | 3 | 4 |
| | पञ्चकन्या प्रा.वि | 1 | 2 | 3 |
| | पिङडाँडा प्रा. वि | 1 | 1 | 2 |
| | सिंह देवी प्रा. वि | 1 | 1 | 2 |
| | सरस्वती मा. वि | 1 | 2 | 3 |
| | अरनीको प्रा. वि | 1 | 1 | 2 |
| ० | | | | |
| | जम्मा | १२ | १६ | २८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा पाठ्यक्रम व्यवस्थापन सम्बन्धी १ दिने शिक्षक गोष्ठीमा उपस्थित शिक्षक तथा शिक्षिकाको संख्या प्रस्तुत गरिएको छ । यसमा १० विद्यालयका कूल शिक्षक संख्याको ४२.८५ प्रतिशत महिला र ५७.१४ प्रतिशत पुरुष शिक्षकहरुको सहभागिता रहेको पाइन्छ । यो शोध अध्ययनमा उपयोग गरिएको Henry Fayol को व्यवस्थापन सिद्धान्तमा उल्लेखित योजना संगठन, नेतृत्व, समन्वय र नियन्त्रण जस्ता व्यवस्थापकीय कृयाकलाप भित्र पर्ने कार्यहरुको उपयोग गरि सम्पन्न भएको पाइन्छ ।

**४.२.२ आमा भेला :**

पाठ्यक्रम कार्यान्वयन गर्ने मुख्य प्र.अ. तथा शिक्षकको भएतापनि त्यसलाई अप्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान र सहयोग आमाहरुको हुने भएकोले स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धमा आमाहरुको भेला गराई सो विषयमा जानकारी प्रदान गरी विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति गराइदिन कपि, किताव, पेन्सिल झोलाको व्यवस्था गर्न, समयमा खाना ख्वाई विद्यालयमा पठाईदिन, बेलाबेलामा विद्यालयमा आई बालबालिकाको बारेमा जानकारी दिन लिन सफा पोशाकमा विद्यालयमा पठाईदिन र घरमा बालबालिकाले गृहकार्य गरे नगरेको निरिक्षण गर्न प्रत्येक विद्यालयका आमाहरुलाई अनुरोध गर्नुका साथै स्थानीय विषयको बारेमा परिचय गराइएको थियो ।

तालिका नं. ५

आमा भेलामा सहभागी आमाहरुको उपस्थिति विवरण

| सि.नं. | विद्यालय | उपस्थिति संख्या |
|---|---|---|
| १ | शहिद रत्न प्रा.वि | 54 |
| २ | गुहेश्वरी नि.मा. | 69 |
| ३ | मंगलमय उ.मा. | 58 |
| ४ | सिद्ध देवी प्रा. वि. | 40 |
| ५ | वाणि उ.मा. | 46 |
| ६ | पञ्चकन्या प्रा.वि | 39 |
| ७ | पिङडाँडा प्रा. वि | 34 |
| ८ | सिंह देवी प्रा. वि | 36 |
| ९ | सरस्वती मा. वि | 59 |
| १० | अरनीको प्रा. वि | 53 |
| | जम्मा | ४८८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका नं. ५ मा आमा भेलामा उपस्थित महिलाहरुको विद्यालयगत विवरण प्रस्तुत गरिएको छ । कूल १० विद्यालयमा जम्मा ४४८ जनाको सहभागिता रहेको

उक्त भेला पनि व्यवस्थापनको सिद्धान्तमा आधारित योजना, संगठन, समन्वय र नियन्त्रणमा आधारित भएर सम्पन्न भएको पाइन्छ ।

### ४.२.३ विद्यार्थी संख्या

झापा जिल्ला लखनपुर गा.वि.स. अन्र्तगतका प्राथमिक सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०६७ मा भर्ना भई अध्ययनरत निम्न विद्यार्थीहरुले स्थानीय पाठ्यक्रम अन्र्तगत कृषि शिक्षाको अध्ययन गरिरहेका छन् ।

तालिका नं. ६

विद्यालयगत विद्यार्थी विवरण

| स.नं. | विद्यालयको नाम | छात्रा संख्या | छात्र संख्या | जम्मा | छात्रा प्रतिशत | छात्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| | शहिद रत्न | 1 | 8 | 1 | 5 | 4 |
| . | प्रा.वि | 05 | 2 | 87 | 6.14 | 3.85 |
| | गुहेश्वरी | 1 | 1 | 3 | 4 | 5 |
| . | नि.मा. | 53 | 67 | 20 | 7.81 | 2.18 |
| | मंगलमय | 1 | 2 | 3 | 4 | 5 |
| . | उ.मा. सिद्ध देवी | 56 | 06 | 62 | 3.09 | 6.90 |
| | प्रा. वि. | 6 | 7 | 1 | 4 | 5 |
| . | वाणि | 7 | 0 | 37 | 8.90 | 1.09 |
| | उ.मा. | 1 | 1 | 3 | 5 | 4 |
| . | पञ्चकन्या | 63 | 50 | 14 | 2.22 | 7.77 |
| | प्रा.वि | 6 | 5 | 1 | 5 | 4 |
| . | पिङडाँडा | 5 | 6 | 21 | 3.84 | 6.28 |
| | प्रा. वि | 7 | 6 | 1 | 5 | 4 |
| . | सिंह देवी प्रा. वि | 0 | 0 | 30 | 3.84 | 6.15 |
| | सरस्वती | 6 | 5 | 1 | 5 | 4 |
| . | मा. वि | 1 | 2 | 13 | 3.98 | 6.00 |
| | अरनीको | 1 | 1 | 3 | 4 | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| . 0. | प्रा. वि | 81 9 3 | 88 8 3 | 69 1 76 | 9.06 5 2.84 | 0.94 4 7.15 |
| जम्मा | | 1 115 | 1 114 | 2 229 | 5 0.02 | 4 9.97 |

स्रोत : स्थलगत सर्वेक्षण- २०६७

माथिको तालिका वाट लखनपुर गा.वि.स अन्तरगतका सामुदायक प्राथमिक विद्यालयका प्रति विद्यालय विद्यार्थी विवरणलाई प्रष्ट पार्दछ । प्रस्तुत तालिकावाट विश्लेषण गर्दा स्थानिय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको वर्तमान अवस्थामा ५०.०२% छात्रा र ४९.९७% छात्र यस पाठ्यक्रम अन्तरगत अध्ययनरत रहेको पाइछ । भने कुल दश सामुदायक प्राथमिक विद्यालयमा २२२९ विद्यार्थीहरुमा ०.०५% ले मात्र छात्राको प्रतिशत वढी देखिन्छ । तुलनात्मक रुपमा छात्र भन्दा छात्राको सहभागिता संख्या वढी रहेको पाइन्छ । प्रति विद्यालय औषतमा २२२.९ जना विद्यार्थीहरु पर्न जाने समेत तथ्यांकले देखाएको छ ।

४.२.४ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन

स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनको लेखाजोखा गर्ने क्रममा निम्न अनुसारका शिक्षक, विद्यालय व्यवस्थापन समिति र उपलब्ध पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुका थान निम्न अनुसार प्राप्त भएका छन् ।

तालिका नं. ७

शिक्षक तथा व्यवस्थापन समितिको विवरण

| ि स.नं. | **विवरण** | म हिला | पु रुष | ज म्मा | प्रतिशत | | ान |
|---|---|---|---|---|---|---|---|
| | | | | | मा हला | पु रुष | |
| 1 . | शिक्षक संख्या वि. | 3 2 | 5 7 | 8 9 | 3 5.95 | 6 4.04 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2.3.4. | व्या.सं.सं. स्थानिय पाठ्यक्रम स्थानिय पाठ्यपुस्तक | 13 | 69 | 82 | 15.85 | 84.14 | 30 |
| जम्मा | | 45 | 126 | 171 | 26.31 | 73.68 | 3 |

स्रोत स्थलगत सर्वेक्षण- २०६७

तालिका नं. ७ मा स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा संलग्न रहेका शिक्षक र व्यवस्थापन समितिमा आवद्व रहेका सरोकारवालाको विवरणलाई देखाइएको छ । पाठ्यक्रमको कार्यान्वयनमा संलग्न महिना पुरुष र विद्यालयमा उपलव्ध स्थानीय पाठ्यक्रम समेतको विवरण तालिकामा प्रस्तुत गरीएको छ । प्रस्तुत तालिकाको आधारमा तथ्याङ्को विश्लेषण गर्दा कुल शिक्षक संख्याको ३५.९५ प्रतिशत महिला र ६४.०४ प्रतिशत पुरुष शिक्षक स्थानीय पाठ्यक्रम अन्तरगत रहेर शिक्षण क्रियाकलाप संचालन र अनुगमन तथा मुल्याङ्कन गरी पाठ्यक्रमको कार्यान्वयनको अभियानमा रहेको पाइन्छ भने कुल विद्यालय व्यवस्थापन समिति सदस्य संख्याको १५.८५ महिला सदस्यहरु पाठ्यक्रको कार्यान्वयन, व्यवस्थापन र संचालनमा रहेको पाइन्छ । त्यसै गरी स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तको निर्माण नभएकाले विद्यार्थीको लागी अध्ययन सामाग्रीको अभाव देखिएको छ भने कुल दश विद्यालयमा जम्मा २३ वटा स्थानीय पाठ.यक्रम रहेको र त्यसैको आधारमा शिक्षकले पठन पाठन गर्दै आएको देखिन्छ। जसमा प्रति विद्यालय औषत २.५ वटा स्थानीय पाठ्यक्रम विद्यालयमा रहेको पाइन्छ । यसरी स्थानीय पाठ्यक्रमको निर्माण देखि कार्यान्वयको अवस्था सम्मको लेखाजोखा गर्दा सरोकारवालाको सहभागीता, सञ्चालन कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन यो शोध अध्ययनमा उपयोग गरिएको व्यवस्थापनको सिद्धान्तका व्यवस्थापकीय कार्यहरुको अधिनमा रहेर गरेको देखिन्छ।

४.२.५ शैक्षिक योग्यता

स्थानीय पाठ्यक्रमको लेखाजोखा गर्दा शिक्षण सिकाई क्रियाकलापमा संलग्न शिक्षकहरुको दक्षता र योग्यताले पनि प्रत्यक्ष प्रभाव पार्ने भएकाले यो शोध अध्ययन क्षेत्रका विद्यालगत शिक्षक विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ८

विद्यालयगत शिक्षक विवरण

| क्र.सं. | विद्यालय | शिक्षक | | शैक्षिक योग्यता | | |
|---|---|---|---|---|---|---|
| | | म. | पु. | S.L.C. | I.Ed. | B.Ed./M.Ed. |
| | शहिद रत्न प्रा.वि. | 2 | 3 | 2 | 3 | |
| | गुहेश्वरी नि.मा. | 4 | 11 | 6 | 5 | 4 |
| | मंगलमय मा.वि. | 7 | 7 | 6 | 4 | 4 |
| | सिद्ध देवी प्रा.वि. | 5 | 3 | 4 | 4 | |
| | वाणि मा.वि. | 5 | 12 | 3 | 10 | 4 |
| | पञ्चकन्या प्रा.वि. | 3 | 2 | 1 | 3 | 1 |
| | पिङडाँडा प्रा.वि. | 1 | 4 | 4 | 1 | |
| | सिंह देवी प्रा.वि. | 1 | 4 | 4 | 1 | |
| | सरस्वती मा.वि. | 2 | 7 | 2 | 4 | 3 |
| ० | अरनीको प्रा.वि. | 2 | 4 | 4 | 1 | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | 32 | 57 | 36 | 36 | 17 |
| प्रतिशत | 35.95 | 64.04 | 40.44 | 40.44 | 19.10 |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

तालिका नं. ८ मा विद्यालयगत शिक्षक विवरण र शैक्षिक योग्यता प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्यांक अनुसार शोध अध्ययन क्षेत्रको कूल शिक्षक संख्याको ३५.९५ प्रतिशत महिला शिक्षिका र ६४.०४ प्रतिशत पुरुष शिक्षकले स्थानीय विषयको पठन पाठन संचालन गरेको देखिन्छ भने कूल शिक्षक संख्याको ५९.५४ प्रतिशत शिक्षक जो आवश्यक शैक्षिक योग्यता भन्दा माथिल्लो योग्यता हासिल गरेकाले प्राथमिक तहमा शिक्षण गर्दै रहेको पाइन्छ यसकारणले पनि प्राथमिक तहको पाठ्यक्रम निर्माण, कार्यान्वयन, संचालन र अनुगमन तथा मूल्याकंन गर्ने प्रकृयामा शिक्षक वर्गबाट सहयोग तथा योगदान पुग्न गएको भन्न सकिन्छ ।


तालिका नं. ९

कक्षागत विद्यार्थी विवरण २०६७

| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा प्रतिशत | छात्र प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | 299 | 266 | 565 | 52.92 | 47.07 |
| 2 | 194 | 211 | 405 | 47.90 | 52.09 |
| 3 | 215 | 218 | 433 | 49.65 | 50.34 |
| 4 | 215 | 206 | 421 | 51.06 | 48.93 |
| 5 | 292 | 213 | 505 | 57.82 | 42.17 |

| | | | | | |
|---|---|---|---|---|---|
| h<br>Ddf | 1<br>115 | 1<br>114 | 2<br>229 | 50.02 | 49.97 |

स्रोत : स्थलगत सर्वेक्षण २०६७




माथिको तालिकामा शोध अध्ययन क्षेत्रको शैक्षिक सत्र २०६७ को कक्षागत विद्यार्थी भर्ना संख्या प्रस्तुत गरिएको छ । उक्त तालिकाको आधारमा तथ्यांकको विश्लेषण गर्दा प्रत्येक कक्षामा छात्रा भन्दा छात्रको भर्नादर वा सहभागिता संख्या बढी रहेको देखिन्छ । जसबाट स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा छात्राहरुको सहभागितामा वृद्धि भएको र छात्रा भर्ना दरमा समेत वृद्धि भएको भन्ने सकिन्छ भने प्रतिकक्षा कोठा औषत ४४५.८ जना विद्यार्थी पर्न जाने देखिन्छ ।

४.३ सिकाई उपलब्धी

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुलाई परीक्षाद्वारा प्राप्त सूचकहरुको आधारमा लेखाजोखा तथा मूल्याकंन गर्दा प्राप्त हुने उपलब्धी नै सिकाई उपलब्धी हो । कक्षा १-५ को २ शै.व. को विषयगत औषत सिकाई उपलब्धीलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न. १०

विषयगत सिकाई उपलब्धी कक्षा (१-५) २०६५

| क्षा/ | नेपाली | गणि<br>त | अंग्रे<br>जी | साम<br>ाजिक | विज्ञा<br>न | स्था<br>नीय विषय | जनात |
|---|---|---|---|---|---|---|---|

| वषय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| . | 59.00 | 57.66 | 53.83 | 46.5 | 48.5 | 55.00 | 5. |
| . | 56.33 | 56.16 | 58.66 | 44.16 | 48.33 | 55.33 | 4. |
| . | 54.66 | 54.16 | 59.16 | 43.83 | 50.83 | 58.00 | 5. |
| . | 41.83 | 40.94 | 51.16 | 43.78 | 46.66 | – – | 4. |
| . | 50.5 | 42.16 | 52.17 | 44.16 | 52.00 | | 5. |
| म्मा | 262.322 | 251.08 | 274.98 | 222.43 | 246.32 | 168.32 | 72 |
| ौषत | 52.46 | 50.21 | 54.99 | 44.48 | 49.26 | 56.11 | 4. |

स्रोत स्थलगत सर्वेक्षण- २०६७

तालिका नं. ११

विषयगत सिकाई उपलव्धी कक्षा (१-५) २०६६


| क्षा/ वषय | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | स्थानीय विषय | नात्मक |
|---|---|---|---|---|---|---|---|
| . | 58.7 | 58.78 | 54.50 | 49.34 | 48.67 | 60.33 | .5 |
| . | 55.00 | 56.50 | 59.00 | 46.16 | 49.35 | 64.34 | 4.1 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| . | 56.34 | 55.37 | 57.73 | 42.77 | 51.76 | 59.50 | .1 |
| . | 48.8 | 43.75 | 54.16 | 45.17 | 48.76 | 61.18 | .5 |
| . | 52.35 | 43.85 | 55.17 | 46.33 | 54.31 | 66.05 | .5 |
| म्मा | 272.19 | 258.25 | 280.56 | 229.77 | 252.56 | 311.85 | 4.8 |
| ौषत | 54.43 | 51.65 | 56.11 | 45.93 | 50.56 | 62.37 | .9 |

स्रोत स्थलगत सर्वेक्षण- २०६७

विषयगत सिकाई उपलब्धी २०६६ कक्षा १-५

स्तम्भ चित्र




उपरोक्त तालिका नं. १० वाट लखनपुर गा.वि.स अन्तरगत संचालित सामुदायक प्राथमिक विद्यालयका विद्यार्थीहरुको विषयगत औषत सिकाई उपलव्धीको अवलोकन गर्न सकिन्छ । यसमा २०६५ सालको विषयगत सिकाई उपलव्धी समावेश गरीएको र शोध अध्ययनमा उल्लेख गरीएको उद्देश्यका आधारमा शैक्षिक उपलव्धीको लेखाजोखा गरी निम्न अनुसारको व्याख्या तथा विश्लेषण गरिएको छ । तालिका नं. १० अनुसार सामाजिक र

विज्ञान विषयमा औषत सिकाई उपलव्धी क्रमश ४४.४८ र ४९.२६ अंक देखिन्छ भने अन्य विषयहरुमा ५०% भन्दा माथि औसत उपलब्धी रहेको देखिन्छ। यसरी प्राथमिक तहको १-५ कक्षाको विषयगत औषत उपलव्धीको विश्लेषण गर्दा सामाजिक विषयको सबभन्दा कम ४४.४८ औषत उपलव्धी रहेको देखिन्छ भने स्थानीय विषयको सव भन्दा वढी ५६.११ अंक औषत उपलव्धी रहन गएको पाइन्छ । अन्य विषयको तुलनामा स्थानिय विषयको सिकाई उपलव्धी १.११ देखि १२ अंकले वृद्धि भएको समेत अवलोकन गर्न सकिन्छ । त्यसै गरी तालिका नं. ११ मा २०६६ सालको विषयगत शैक्षिक उपलव्धी प्रस्तुत गरिएको छ । जसलाई तालिका नं. १० मा प्रस्तुत गरीएको सिकाइ उपलव्धी संग तुलना गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न सकिन्छ। शैक्षिक वर्ष २०६५ र २०६६ को शैक्षिक उपलब्धी लाई तुलना गर्दा प्रत्येक विषयमा ०.५ देखि २.५ अंकले सिकाई उपलव्धीमा वृद्वि भएको देखिन्छ। यस वाट स्थानीय पाठ्यक्रमको निर्माण पछि विद्यार्थीको शैक्षिक उपलव्धीमा वृद्वि तथा सुधार आएको भन्न सकिन्छ भने यो शोध अध्ययनमा प्रयोग गरिएको JF Kerr को पाठ्यक्रम सिद्धान्तको चारवटा चरणको अन्तिम चरण र Henry Fayol को व्यवस्थापन सिद्धान्तको व्यवस्थापकीय कार्य अर्न्तगत पर्नजाने समेत देखिन्छ।

# परिच्छेदः पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्तिहरु

प्रस्तुत शोध अध्ययनको विषयवस्तुमा आधारित भएर स्थालगत सर्वेक्षण वाट प्राप्त भएको तथ्याङ्क र त्यसको प्रस्तुति, व्याख्या र विश्लेषणवाट प्राप्त उपलव्धी र समस्याहरु प्राप्तिका रुपमा लिन सकिन्छ। नेपालको सन्दर्भमा पहिलो पटक स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता र संलग्नता निर्माण भई कायान्वयनमा आएको स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा गरिको अध्ययनमा, पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाको सक्रिय सहभागिता रहनु प्र.अ. शिक्षक र व्यवस्थापन पक्षको पाठ्यक्रम तथा व्यवस्थापन, संचालन, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन गर्ने अवसर प्राप्त हुनुलाई प्राप्तिका रुपमा लिन सकिन्छ । त्यसैगरी स्थानीय पाठ्यक्रमका आधारमा पठन पाठन हुनु विद्यार्थीको सिकाई उपलव्धीमा वृद्वि हुनु सरोकारवालाको अधिकार, कर्तव्य र जिम्मेवारी प्रति जागृत हुनु स्थानीय आवश्यता र स्रोत तथा साधनको पहिचन गरी सोहि अनुसारको पाठ्यक्रमको व्यवस्थापन गरिनु मातृभाषा र स्थानीय भाषमा शिक्षा प्रदान गर्न

ढोका खोलिनु र स्थानीय शैक्षिक कार्यक्रमको निर्माण र कार्यान्वयन हुनु समेतलाई यो शोध अध्ययनमा उपलव्धीको रुपमा लिइन्छ । स्थानीय पाठ्यक्रमका आधारमा पाठथ्यपुस्तक तथा विद्यार्थी सो अध्ययन सामाग्रीको निर्माण नहुनु, शिक्षक तालिम तथा प्रशिक्षण को आवश्यकता खड्किनु विद्यालयमा पर्याप्त पाठ्यक्रम नहुनु र शिक्षक तालिम तथा प्रशिक्षणको आवश्यकता र विद्यालय तथा अभिभावक विचमा सुदृढ सम्बन्ध नहुन लाइ शोध अध्ययनमा प्राप्तिका रुपमा लिएको छ । यो शोध अध्ययनका प्राप्तिहरुलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) समुदायले विद्यालयप्रति चासो लिई सहभागितामा वृद्धि हुनु ।

(ख) स्थानीय स्तरबाट शैक्षिक योजना कार्यान्वयन गर्ने अवसर प्राप्त हुनु ।

(ग) स्थानीय आवश्यकतामा आधारित भएर पाठ्यक्रमको व्यवस्थापन गर्दा सरोकारवालाहरुको सहभागितामा वृद्धि भएको छ ।

(घ) विद्यालयमा विद्यार्थीहरुको उपस्थितिमा नियमितता देखिएको छ ।

(ङ) पुरुषको तुलनामा महिला अभिभावहरुको सहभागिता तथा संलग्नता बढेको देखिन्छ

(च) स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएता पनि पाठ्यपुस्तक निर्माण नभएको कारण विद्यार्थीहरुको लागि अध्ययन सामग्रीको अभाव रहेको देखिन्छ ।

(छ) शैक्षिक विकेन्द्रीकरणको अवधारणा ि रुप आएको स्थानीय पाठ्यक्रमले मातृ तथा स्थानीय भाषामा शिक्षा दिने आधार प्रदान गरेता पनि त्यसतर्फ स्थानीय सरोकारवालाहरुको ध्यान गएको पाइएन ।

(ज) स्थानीय विषयको शिक्षण प्रभावकारी र सहज ढंगबाट गर्न शिक्षकहरुलाई तालिम, प्रशिक्षण र अवलोकन भ्रमण आवश्यक भएको छ ।

(झ) विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. र समुदाय बीचमा कमजोर सम्बन्ध रहेकोछ ।

(ञ) शैक्षिक कार्यक्रमको निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गरिएतापनि पृष्ठपोषण लिई आगामी दिनको कार्यक्रमको निर्माण गरेको देखिदैन ।

(ट) सरोकारवालाहरु आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारीप्रति सचेत रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

झापा जिल्ला लखनपुर गा.वि.स अन्तरगत सवै प्राथमिक विद्यालय र उक्त विद्यालयका सरोकारवालाहरुलाई केन्द्रित गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था विषयमा गरीएको यो शोध अध्ययनमा स्थानीय सरोधारवालाहरुको संलग्नतामा स्थानीय

पाठ्यक्रमको निर्माण भई कार्यान्वयनमा आएको पाइन्छ । पाठ्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कनमा सम्बन्धित पक्षको प्रत्यक्ष सहभागिता हुनु जानले विद्यार्थीको सिकाई उपलब्धीमा वृद्धि भएको भन्न सकिन्छ । यसरी स्थानिय तहको शैक्षिक कार्यक्रमको निर्माण शैक्षिक योजनाको निर्माण संचालन कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार कर्तव्य र जिम्मेवारीका कारण पनि शैक्षिक व्यवस्थापनमा सुधार हुन गई प्राथमिक शिक्षा प्रति समुदाय तथा अभिभावकको चासो बढेको पाइन्छ । उपलब्ध स्थानीय स्रोत तथा साधन र आवश्यकताको पहिचान गरी स्थानीय तहमा नै शैक्षिक योजना निर्माण भई कार्यान्वयनमा आउनाले शिक्षालाई शैक्षिक विकेन्द्रीकरणको अवधारण अनुरुप घर घर र व्यक्ति व्यक्तिमा शिक्षा पुऱ्याउनको लागि र मातृ तथा स्थानीय भाषामा शिक्षा प्रदान गर्नको निमित्त यो शोध सहयोगी हुने निस्कर्ष छ । साथै पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ. शिक्षक र व्यवस्थापन पक्षको प्रमुख दायित्व हुन्छ भने प्र.अ. शिक्षक, व्यवस्थापन समिति र अभिभावको विचमा उचित किसिमको सम्वन्ध सहकार्य र समन्वय हुनु त्यतिकै महत्वपूर्ण र जरुरी देखिएको समेत निष्कर्ष रहेको छ ।

## ५.३ सुझावहरु

प्रस्तुत विषयको शोध अध्ययनका क्रममा शैक्षिक योजना तथा कार्यक्रम संचालन व्यवस्थापन, पाठ्य पुस्तक निर्माण, तालिम तथा प्रशिक्षण शैक्षिक सहभागीता, समन्वय तथा सम्वन्ध कायम गरी स्वच्छ शैक्षिक वातावरण सिर्जना गरी शिक्षा प्रदान गर्नको लागि चुनौति तथा समास्याहरु पनि देखिएका छन् । जसलाई शोध अध्ययनका प्राप्तिका रुपमा लिने गरेको पाइन्छ । उक्त समस्याहरुको समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

### सुझावहरु

१) स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामाग्रीको निर्माण गरिनु पर्छ ।

२) शिक्षकहरुलाई नियमित तालिम तथा प्रशिक्षण र अवलोकन भ्रमण गराइनु पर्छ ।

३) प्र.अ., शिक्षक र अभिभावक विचमा नियमित सम्पर्क र समन्वय कायम गरी शिक्षण वातावरणको सिर्जना गरिनु पर्छ ।

४) शिक्षासंग सम्वन्धीत शैक्षिक योजना तथा कार्यक्रम निर्माण गर्ने र संचालन गर्ने संघ संस्था तथा विद्यालयहरुलाई यो शोध सहयोगी हुने छ ।

५) शोध अध्ययन कर्ता, पाठ्यक्रम निर्माता, शिक्षा विद, शैक्षिक प्रशासक, शिक्षक, प्र.अ. अभिभावकका र सरोकारवालालाई यो शोध अध्ययनले शैक्षिक योजना र कार्यक्रम निर्माण व्यवस्थापन र कार्यान्वयन गर्ने सवालमा योग्दान पुऱ्याउने छ ।

६) शिक्षण पेशामा संलग्न व्यक्तिमा इमान्दारीता, आत्मविश्वास र कर्तव्यप्रति सचेत हुनु पर्छ भने उक्त पेशामा संलग्न व्यक्तिहरुलाई राज्य र समाजले हेर्ने र व्यवहार गर्ने ढृष्टिकोणमा परिवर्तन हुनु पर्छ ।

७) शैक्षिक कार्यक्रम निर्माण, संचालन र कार्यान्वयनमा देखिएका ढिलासुस्ती र वेवस्ता गर्ने प्रवृति निरुत्साहित गरी उपर्युक्त समयमा कार्यसम्पादन गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्डको व्यवस्था गरिनुपर्छ ।

८) शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन तथा मुल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा भावी कार्य योजना निर्माण गरिनु उपयुक्त हुन्छ ।

९) स्थानीय अवश्यकताको आधारमा उपलव्ध स्रोत तथा साधन उपयोगमा ल्याउन सकिने गरी स्थानीय पाठ्यक्रम तथा शैक्षिक योजनाको निर्माण गरी कार्यान्वयनमा ल्याउनु व्यवहारिक हुन्छ ।

१०) स्थानीय पाठ्यक्रमको माध्यम वाट मातृ तथा स्थानीय भाषमा शिक्षा प्रदान गरिनुपर्छ ।